प.सं. प्रशासन /०६९/०७० मिति :– २०६९।८।६
च.नं.

**विषय : निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
न.पा. व्यवस्थापन शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०६९ साल कार्तिक महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०६९।७।१९ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका वोर्ड बैठक प्रमुख एंव कार्यकारी अधिकृत श्री टीकादत्त राई ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिति**

श्री टीकादत्त राई – प्रमुख/का.अ. सि.न.पा.

**आमन्त्रीत**

श्री शैलेन्द्र प्रसाद श्रेष्ठ – ब.ई. सि.न.पा.
श्री बिवेक कुमार खनाल – ब.अ. सि.न.पा.
श्री गणेश बहादुर क्षेत्री – ब.अ. सि.न.पा.
श्री श्रीराम गुप्ता – अध्यक्ष, कर्मचारी एशोसिएशन
श्री देव प्रसाद ज्ञवाली – ना.सु. (प्रशासनिक काम गर्ने)

**निर्णय नं. १ (एक)**

नेपाल सरकारलाई एशियाली विकास बैंक (ADB) बाट प्राप्त अनुदान तथा ऋण सहयोगमा सिद्धार्थनगर नगरपालिकामा संचालन भएको Integrated Urban Development Project (IUDP) Loan No. 2851 / Grant No. 0284-NEP: Project No. 42161 (SF) कार्यक्रम अन्तर्गत एकीकृत शहरी विकास परियोजनाको लागि Design Supervision Consultant को लागि मिति २०६९।३।२१ (५ जुलाई २०१२) मा राष्ट्रिय दैनिक राजधानीमा Shortlisted भएका ६ वटा Consultant हरुबाट RFP (Request for Proposal) सूचना माग भए अनुसार ४ वटा फर्महरुले प्रस्ताव पेश गरेको र २ वटा फर्म (ERMC (P.) Ltd. (Environment & Resource Management Consultant)रSoil Test Pvt. Ltd. JV with Welink Consultant Pvt. Ltd. & Multi Disciplinary Consultant Pvt. Ltd.)ले प्रस्ताव पेश नगरेको र पेश हुन आएका ४ वटा(Building Design Authority (P) Ltd. (BDA) JV with Full Bright Consultancy (Pvt.) Ltd. & association with Udaya Engineering Consultancy Firm, CEMAT Consultants (P) Ltd., BDA Nepal P. Ltd. JV with Cemeca Consultant P. Ltd. & Gaurav Integrated


"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

Development Associates Nepal P. Ltd. (GIDA Nepal P. Ltd.)रGOEC Nepal P. Ltd. JV with Technocrat Consultancy) को Technical Proposal छुट्टा छुट्टै अध्ययन र मूल्यांकन गरि Evaluation Criteria को आधारमा मूल्यांकन समितिबाट सिफारिस भै आए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ (दुई)**

अंक निर्धारण गर्दा निम्न अनुसार अंक प्राप्त गर्ने ४ वटा कन्सल्ट्यान्टहरुलाई सोही Evaluation Criteria को आधारमा छनौटको लागि मूल्यांकन समितिबाट सिफारिस भए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

***Project No.NEP: 42161 Integrated Urban Development Project Consulting Services for Design Supervision Consultant, Siddharthanagar Municipality***

| No. | Consultant | EOI Score | Ranking |
|---|---|---|---|
| **1** | GOEC Nepal P. Ltd. JV with Technocrat Consultancy | **975.40** | **1** |
| **2** | BDA Nepal P. Ltd. JV with Cemeca Consultant P. Ltd. & Gaurav Integrated Development Associates Nepal P. Ltd. (GIDA Nepal P. Ltd.) | **936.50** | **2** |
| **3** | CEMAT Consultants (P) Ltd. | **876.70** | **3** |
| **4** | Building Design Authority (P) Ltd. (BDA) JV with Full Bright Consultancy (Pvt.) Ltd. & association with Udaya Engineering Consultancy Firm | **874.60** | **4** |

**निर्णय नं. ३ (तीन)**

Design Supervision Consultant हरुको Financial Proposal मिति २०६९।६।२२ गते तदानुसार 8 October 2012 मा खोल्ने भनिएकोमा प्राविधिक कारणवस सो Financial Proposal मिति २०६९।८।१८ गते तदानुसार 3 December 2012 मा खोल्न CRAM परिमार्जन गरी आवश्यक निर्णयको लागि DUDBC, PCO मा पठाउनको लागि मूल्यांकन समितिबाट सिफारिस भए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ (चार)**

यस न.पा. लाई चालु आ.ब. २०६९।०७० को लागी शहरी सडक मर्मत प्रयोजनका लागी सडक बोर्ड नेपालबाट प्राप्त हुने रकम रु ४५,५०,०००।– मा न.पा. को तर्फबाट लागत सहभागिता बापतको रकम रु १९,४९,४६२।७२ गरी जम्मा ६४,९९,४६२।७२ बाट नगर क्षेत्रमा रहेका सडकहरु क्रमश: जनतापथ, कारणीमाईपथ, बिनायकपथ, हाटबजारपथ, दुर्गापथ, बन्धुपथ, ज्ञानपथ, रानीगाँउ, रंगशालापथ, सब्जिमण्डिपथ, बस टर्मिनल, लक्ष्मीपथ, महाविरपथ, रुद्रपथ, विरपथ, आबारोड, गल्लामण्डि, नारायणपथ, बिमानघाटपथ, बैंकरोड, मैत्रीपथ, बि.पि.पथ, वडा नं. ८ देबपथ भित्रका सडकहरु, वार्ड नं. ८ शालिकग्रामपथ मर्मत सम्भार गर्ने निर्णय गरियो ।



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**मिति २०६९।७।२६ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

**निर्णय नं. १ (एक)**

यस नगरपालिकाको १४ औं नगरपरिषदबाट यस नगरपालिकामा आ.ब. २०६८।०६९ का लागी सडक वोर्ड नेपालबाट सडक मरमत संभारका लागी प्राप्त हुने रकम रु ४५,५०,०००।– बाट यस नगरपालिकाको निम्न सडकहरु मर्मत संभार गर्ने निर्णय भए अनुसार सडक वोर्डबाट प्राप्त रकम ३० प्रतिशत रकम न.पा. ले थप गरी जम्मा रुकम रु ६४,९२,८८७६६ को कुल लागत अनुमान निर्माण गरी ठेक्का प्रकृयाबाट गर्न वोलपत्र आव्हान गरी सूचना प्रकाशित गर्दा सि.न.पा. ९ को ट्रृष्टि निर्माण सेवाको रु ५१,९७,३६३।८१ को वोलपत्र स्वीकृत भई न.पा. बाट कार्यादेश दिईएकोमा हाल निर्माण व्यवसायी (ठेकेदार)वाट रु ५६,४१,२२२।०६ को सम्पूर्ण कार्य सम्पन्न गरी सकेकोले सडक वोर्ड नेपालमा अन्तिम किस्ता रकम निकाशा माग गर्ने निर्णय गरियो ।

**तपसिल**

**सडकका नामहरु**

१. कोटईमाई पथ २. सिमापथ ३. विमानघाट पथ ४. गल्लामण्डिपथ ५. नारायणपथ
६. शान्तिनगर ७. स्वर्गद्धारी पथ ८. दयापथ ९. हिमालीपथ १०. दुर्गापथ
११. भाजुरत्न पश्चिम शिवपथ १२. विद्रोहीचोक पश्चिम १३. जनकपथ
१४. लुम्विनी सडक कोल्ड स्टोर शिवमन्दिर पथ १५. तिनतारा पथ १६. सानो कलोनी रवि पथ १७. मैत्रीपथ १८. बैंकरोड

**निर्णय नं. २ (दुई)**

सिद्धार्थनगर नगरपालिकाको चालु आ.ब. २०६९/०७० का लागी देहायका योजनाहरु सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जगेडा कोष र नगरपालिकाको संयुक्त लगानीमा संचालन गर्ने गरी स्वीकृतीका लागी संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**तपसिल**

१. वडा नं. ९ नयाँ कलोनी उत्तर प्रभातपथ सम्म सतह ढल निर्माण योजनाका लागी रु ४५,००,०००।– (अक्षेरुपी पैतालिस लाख मात्र)
२. वडा नं. ४ माया देवी चौक देखि पूर्व विमानघाट सडकसम्म सतह ढल निर्माण योजनाका लागी रु ४५,००,०००।– (अक्षेरुपी पैतालिस लाख मात्र)
३. वडा नं. ११ भुजौली चौक देखि दोगहरी चौक हुदै छोटकी पिपरिहया देखि शंकरपुर चौराहा सम्म सव वेश सडक निर्माण योजनाका लागी रु ३०,००,०००।– (अक्षेरुपी तिस लाख मात्र)
४. वडा नं. २ झण्डि बजार देखि पक्लिहवा क्याम्पस जाने बाटोमा पक्कि पुल निर्माण योजनाका लागी रु ३२,००,०००।– (अक्षेरुपी बत्तिस लाख मात्र)
५. वडा नं. १२ जनतापथ देखी पूर्व स्वर्गद्धारी जाने बाटोमा पक्कि सतह ढल निर्माण योजनाका लागी रु ४८,००,०००।– (अक्षेरुपी अड्चालिस लाख मात्र)



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. ३ (तिन)**

यस नगरपालिकाद्धारा आ.ब. २०६९/०७० को नगरपरिषदको निर्णय र न.पा. वोर्डको मिति २०६९।६।२५ को निर्णय नं. ३ अनुसार योजना तयार पारी जगेडा कोषमा योजना स्वीकृतीको लागी माग गरी पठाईएकोमा छुट्टाछुट्टै योजना तयार पारी पेश गर्न मौखिक निर्देशन भई आएकोले न.पा. को निर्णयमा सामान्य परिवर्तन गर्दा मात्र जगेडा कोषको सिलिङ्ग म्याच हुने भएकोले योजनाको कुल रकममा सामान्य परिवर्तन गरी स्वीकृतिको लागी पठाउने र यस निर्णयलाई आगामी २०७०/०७१ को नगरपरिषदबाट अनुमोदन गराउने निर्णय गरियो ।

**निर्णय नं. ५ (पाँच)**

आ.ब. २०६८।०६९ मा सिद्धार्थनगर नगरपालिका अर्न्तगत विभिन्न वडाहरुमा सडक मर्मत कार्य गर्नको लागी श्री ट्रष्टी निर्माण सेवा सि.न.पा. ९ संग सम्झौता भई मिति २०६९।७।१५ गते सम्म कार्य सम्पन्न गर्ने गरी कार्यादेश भएकोमा उपरोक्त निर्माण व्यवसायीबाट २०६९ कार्तिक मसान्त सम्म म्याद थप गरी पाउँ भनी प्राप्त निवेदन अनुसार निजको माग मनासिव देखिएकोले जरिवाना नलिई मिति २०६९।७।२६ गते सम्म म्याद थप गर्ने निर्णय गरियो ।



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

# सिद्धार्थनगर नगरपालिका कार्यालय

## सिद्धार्थनगर, रुपन्देही

*D:\ADM\Admintration\nirnay utar Mld\Nirnay utar_mlad_Kartik.docx*



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५

e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

# सिद्धार्थनगर नगरपालिका कार्यालय

## सिद्धार्थनगर, रुपन्देही



**”एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा“ - सिद्धार्थनगर नगरपालिका**
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np